स्वतन्त्र युवा व्यावसायिक प्यानलको प्रतिबद्धतापत्र

'समृद्ध दाङ, सशक्त व्यवसायी : सबल र गतिशील उद्योग वाणिज्य संघ'

आदरणीय उद्योगी तथा व्यवसायी मित्रहरू,

दाङ जिल्लाको आर्थिक, सामाजिक तथा व्यावसायिक रूपान्तरणमा दाङ जिल्ला उद्योग वाणिज्य संघले सधैँ अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । वर्तमान परिप्रेक्ष्यमा व्यावसायिक क्षेत्रले भोगिरहेका समस्याहरूको दीर्घकालीन समाधान गर्दै समग्र दाङ जिल्ला र राप्ती क्षेत्रकै आर्थिक समृद्धिको ढोका खोल्नका लागि हामी प्रतिबद्ध छौँ ।

यही असोज २४ गते हुन थालेको निर्वाचनका लागि हामीले अगाडि सारेका प्रमुख प्राथमिकता, एजेण्डा तथा प्रतिबद्धताहरू निम्नानुसार रहेका छन् :

१. संस्थागत सुदृढीकरण तथा नीतिगत पहल :

- **श्वेतपत्र जारी गर्ने :** दाङ जिल्ला उद्योग वाणिज्य संघको समग्र वर्तमान आर्थिक तथा संस्थागत अवस्थालाई पारदर्शी बनाउन श्वेतपत्र जारी गरिनेछ ।
- **आर्थिक मार्गचित्र निर्माण :** घोराही तथा समग्र दाङको समृद्धिका लागि बृहत् आर्थिक मार्गचित्र तयार गरी सार्वजनिक र कार्यान्वयन गरिनेछ ।
- **सबल र अभिभावक संस्था :** राप्ती क्षेत्रको अग्रणी संस्थाको रूपमा रहेको यस संघलाई सम्पूर्ण व्यवसायीहरूको साझा, भरपर्दो र गतिशील अभिभावक संस्थाका रूपमा विकास गरिनेछ ।
- **भरोसायोग्य र उत्तरदायी नेतृत्व :** समग्र उद्योगी-व्यवसायीहरूका निम्ति पारदर्शी, जवाफदेही र सधैं पहुँचयोग्य भरोसायोग्य संस्थाका रुपमा स्थापित गरिनेछ ।
- **पालिका र प्रदेश सरकारसँग समन्वय :** लुम्बिनी प्रदेशको राजधानी दाङमा रहेकाले प्रदेश सरकार, स्थानीय पालिका तथा विभिन्न संघ-संस्थाहरूसँग घनिभूत समन्वय गरी प्रदेश तथा जिल्लाको अर्थतन्त्रका लागि ठोस कार्ययोजना बनाइ काम गरिनेछ ।
- **उपस्थितिलाई मजबुत बनाउने :** स्थानीय पालिका, प्रदेश र विभिन्न संघ-संस्थाहरूसँग निरन्तर समन्वय गरी संघको भूमिका तथा उपस्थितिलाई थप प्रभावकारी बनाइनेछ ।
- **अन्तर-संघ नियमित संवाद :** दाङका सबै उद्योग बाणिज्य संघ र पूर्वअध्यक्षहरू तथा व्यावसायिक नेतृत्वहरूबीच नियमित बैठक बसी आर्थिक सम्भावनाका नयाँ क्षेत्रहरू खोजिनेछ ।

२. व्यवसायी हित, सुरक्षा तथा व्यावसायिक प्रवर्द्धन :

- **विशेष समस्या समाधान संयन्त्र :** व्यवसायीका जटिल समस्या समाधानका लागि एक विशेष व्यावसायिक संयन्त्र स्थापना गरिनेछ ।
- **द्रुत गुनासो सुनुवाइ संयन्त्र :** हरेक व्यवसायीका आपतकालिन समस्या र गुनासाहरू तत्काल सुनुवाइ गरी समाधानका लागि पहल गर्न एक द्रुत गुनासो सुनुवाइ संयन्त्र अर्थात हेल्पडेस्क स्थापना गरिनेछ ।
- **साना तथा ठूला व्यवसायी संरक्षण :** साना व्यवसायीहरूको संरक्षण तथा ठूला व्यवसायीहरूलाई प्रोत्साहनका लागि ठोस नीति र विशेष कार्यक्रम ल्याइनेछ ।
- **साना व्यवसायीको सङ्गठन र सचेतना :** खुद्रा तथा साना व्यवसायीहरूलाई सङ्गठित गर्दै व्यवसाय विस्तार र प्रवर्धनका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- **प्रविधि हस्तान्तरण तथा सचेतना :** पुराना तथा परम्परागत व्यवसायीहरूलाई नयाँ प्रविधि, डिजिटल रुपान्तरण र बजारका आयामहरूबारे जानकार गराउन व्यावसायिक सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- **सङ्गठित र एकीकृत सञ्जाल :** सम्पूर्ण व्यवसायीहरूलाई सङ्गठित गर्दै व्यवसायमा व्यावसायिकता, शुद्धता र अनुशासन कायम गर्न नापतौल तथा मूल्य अनुगमनमा सहजता र पारदर्शिता ल्याइनेछ ।
- **इँटा उद्योग लगायतका समस्या समाधान :** दाङमा सञ्चालित इँटा उद्योगहरूले भोग्नुपरेका वातावरण, कच्चा पदार्थ र बजारसम्बन्धी समस्या समाधानका लागि स्थानीय पालिका तथा सरकारसँग समन्वय गरिनेछ ।
- **उपभोक्ता र व्यवसायीबिच छलफल :** घोराही उपमहानगरपालिका लगायत जिल्लाका विभिन्न वडा तथा बजार क्षेत्रमा बजारको स्थिति अध्ययन गरी व्यवसायी र उपभोक्ताबिच नियमित अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

३. औद्योगिक पूर्वाधार र स्थानीय अर्थतन्त्रको विकास :

- **औद्योगिक क्षेत्र र पूर्वाधार विकास :** दाङको दीर्घकालीन विकासका लागि औद्योगिक क्षेत्रको स्थापना, बजार व्यवस्थापन र सडक तथा यातायातको कनेक्टिभिटीका लागि सशक्त दबाब र पहल गरिनेछ ।
- **टरिगाउँ विमानस्थल सञ्चालन :** दाङको आर्थिक तथा पर्यटकीय सम्भावना बढाउन टारिगाउँ एयरपोर्टको नियमित सञ्चालन तथा स्तरोन्नतिका लागि निर्णायक पहल गरिनेछ ।
- **उत्पादनमूलक उद्योगको समन्वय :** दाङमा सञ्चालित ईट्टा उद्योग, क्रसर तथा अन्य उत्पादनमूलक उद्योगहरूका समस्या पहिचान गरी प्रदूषण नियन्त्रण, गुणस्तर कायम र पालिका/सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

- **सहरी बजार तथा नाईट मार्केट (रात्रि व्यवसाय) प्रवर्द्धन :** घोराही उपमहानगरपालिका लगायतका प्रमुख बजार क्षेत्रमा रात्रिकालीन व्यवसाय सञ्चालन र प्रवर्द्धनका लागि सुरक्षा, पूर्वाधार र नीतिगत पहल गरिनेछ ।

४. व्यवसायीक पहुँच, लगानी प्रवर्द्धन र नीतिगत पैरवी :

- **सडक तथा यातायात कनेक्टिभिटी :** जिल्लाका मुख्य बजार तथा ग्रामीण क्षेत्र जोड्ने सञ्जाल र यातायात कनेक्टिभिटी सुधारका लागि दबाब तथा जागरण अभियान चलाइनेछ ।
- **बैंक तथा वित्तीय पहुँच :** बैंक, वित्तीय संस्था तथा सहकारीहरूसँग समन्वय गरी व्यवसायीहरूका लागि सुलभ ब्याजदर, पहुँचयोग्य कर्जा र वित्तीय सहजीकरणका लागि पहल गरिनेछ ।
- **पालिकास्तरीय उवासंघ समन्वय :** दाङका सबै पालिकाहरूमा रहेका उद्योग वाणिज्य संघहरूसँग नियमित संयुक्त बैठक, सहकार्य र आर्थिक सम्भावनाहरूको खोजी गरिनेछ ।
- **क्षेत्रगत बजार अध्ययन :** घोराही उपमहानगर लगायत जिल्लाका विभिन्न वडाहरूमा रहेका स्थानीय बजार र बजारोन्मुख क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी सम्भाव्य व्यवसाय पहिचान गर्न अध्ययन/छलफल गरिनेछ ।
- **नापतौल तथा गुणस्तर परीक्षण सुविधा :** व्यवसायीहरूको सुविधाका लागि नापतौल तथा गुणस्तर सम्बन्धी सेवाहरू जिल्लामै सहजरूपमा उपलब्ध गराउन पहल गरिनेछ ।
- **एकल बिन्दु सेवा :** दर्ता, नवीकरण, कर/राजस्व परामर्श तथा व्यावसायिक इजाजतपत्र जस्ता कार्यहरू संघमार्फत नै सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- **बैंक तथा वित्तीय समस्या समाधान :** चर्को ब्याजदर, प्रिमियम दरमा हुने अस्वाभाविक वृद्धि र तरलता समस्याबारे राष्ट्र बैंक तथा वित्तीय संस्थाहरूसँग सशक्त नीतिगत पैरवी गरिनेछ ।
- **सहकारी तथा बैंक लगानी प्रवर्धन :** सहकारी तथा बैंकहरूसँग समन्वय गरी स्थानीय उद्योग, कृषि र व्यापारमा पहुँचयोग्य तथा सहुलियतपूर्ण कर्जा प्रवाहको वातावरण बनाइनेछ ।

५. समसामयिक महत्वपूर्ण आर्थिक एजेण्डाहरू :

- **सुस्ताएको अर्थतन्त्रको पुनरुत्थान :** कोभिडपछिको आर्थिक मन्दी, उच्च ब्याजदर र प्राकृतिक विपत तथा मानवीय कमजोरीका कारण धराशायी भएका साना तथा मझौला व्यवसायीहरूका लागि विशेष राहत, कर छुट तथा ऋण पुनरसंरचनाका लागि नेपाल सरकार र राष्ट्र बैंकसमक्ष जोडदार माग गरिनेछ ।
- **कर, राजस्व तथा नियमन सहजीकरण :** अव्यावहारिक कर प्रणाली, जरिवाना तथा झन्झटिल प्रशासनिक प्रक्रिया सुधारका लागि पालिका तथा आन्तरिक राजस्व कार्यालयसँग सहजीकरण गरिनेछ ।

- **कृषि तथा जडीबुटी प्रशोधन उद्योग :** दाङको कृषि तथा बहुमूल्य जडीबुटी क्षेत्रलाई औद्योगिकीकरण गर्न कृषि-प्रशोधन केन्द्र र शीतभण्डार निर्माण तथा सञ्चालनका लागि निजी-सरकारी साझेदारीमा काम गरिनेछ ।
- **पर्यटन तथा सांस्कृतिक प्रवर्द्धन :** दाङका सांस्कृतिक/प्राकृतिक पर्यटकीय स्थलहरूको प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- **मेला महोत्सवका सम्धमाः** व्यावसायिक अहित हुने गरी मेला महोत्सव संचालन गरिनेछैन ।
- **युवा तथा महिला उद्यमी प्रवर्द्धन :** महिला तथा युवाहरूलाई उद्यमशीलतामा आकर्षित गर्न सहुलियतपूर्ण कर्जा, स्टार्टअप सहयोग, तालिम र बजारीकरणको विशेष व्यवस्था गरिनेछ ।

हाम्रो संकल्प :

'सुरक्षित व्यवसाय, सबल पूर्वाधार र पारदर्शी नेतृत्व-समृद्ध दाङको बलियो आधार'

तसर्थ, दाङ जिल्लाका सम्पूर्ण उद्योगी, व्यापारी तथा व्यवसायी मित्रहरूलाई हाम्रो योग्य, गतिशील र प्रतिबद्ध टीमलाई अत्यधिक मतले विजयी गराउनुहुन हार्दिक अपिल गर्दछौं ।

धन्यवाद् ।

स्वतन्त्र व्यावसायिक प्यानलका उमेदवारहरु

अध्यक्षः अनिल आचार्य

बरिष्ठ उपाध्यक्षः शरद प्रसाद अधिकारी

सचिवः गणेश पाण्डेय

सह कोषाध्यक्षः ललित बेल्वासे

सदस्यः तिलकबहादुर वली

२०८३, असोज २० गते